# भक्तपुर नगरपालिकाको पांचौ नगरसभा

## २०७६ असार ९ गते, सोमबार

१) भक्तपुर नगरपालिकाको पांचौं नगरसभाको उद्घाटन समारोह नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष नारायणमान बिजुक्छेंको प्रमुख आतिथ्यतामा सम्पन्न भए पश्चात् नगर सभाअध्यक्ष भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भनपा सभाकक्षमा सभाको सुरुवात गर्नुभयो ।

२. सभामा सभा अध्यक्ष एवं नगर प्रमुख सुनिल प्रजापतिले 'भक्तपुर नगरपालिकाको आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रम' प्रस्तुत गर्नुभयो ।

३. सभा अध्यक्ष सुनिल प्रजापतिबाट समय प्राप्त गरी नीति तथा कार्यक्रममाथि सभासदहरु रञ्जना त्वाती, सम्झना खाइजु, शिवप्रसाद बाला, पूर्ण गोपाल राजचल, ज्ञानकुमार मगजु, श्यामसुन्दर मातां, तुल्सीलक्ष्मी बाटी, बलराम न्हिसुतु, राजेन्द्र माक, कृष्णगोपाल चौगुठी, रत्नकाजी नायभारी, सिद्धिराम अवाल, विश्वराज शिल्पकार र गोविन्द दुवालले विभिन्न राय, सुझाव तथा जिज्ञासा राख्नु भयो ।

४. सभा अध्यक्ष सुनिल प्रजापतिले सभासद्हरुको राय, सुझाव र जिज्ञासाप्रति सभाको ध्यानआकृष्ट भएको बताउनु हुंदै भक्तपुर नगरपालिकाको आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रम पारित गर्न सभामा पेश गर्नुभयो र सभाले भक्तपुर नगरपालिकाको आ.व. २०७६/०७७ को नीति तथा कार्यक्रम सर्वसम्मतिले पारित गऱ्यो ।

५. सभा अध्यक्ष सुनिल प्रजापतिले अर्को बैठक २०७६ असार १० गते, मंगलबार, दिनको १:०० बजे बस्ने गरी आजको बैठक सम्पन्न भएको जानकारी गराउनु भयो ।

## २०७६ असार १० गते, मंगलबार

६. सभा अध्यक्ष सुनिल प्रजापतिबाट अनुमति प्राप्त गरी उप प्रमुख रजनी जोशीले आ.व. २०७६/०७७ को लागि रु.२ अर्ब १३, करोड १० लाखको बजेट सभामा पेश गर्नुभयो ।

७. सभा अध्यक्ष सुनिल प्रजापतिले सभाको अर्को बैठक २०७६ असार १३ गते, शुक्रबार दिनको १:०० बजे बस्ने गरी आजको बैठक सम्पन्न भएको जानकारी गराउनु भयो ।

**२०७६ असार १३ गते, शुक्रबार**

८. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिबाट समय प्राप्त गरी विधायन समितिका संयोजक हरिराम सुवालले सभामा 'भक्तपुर नगरपालिकाको विनियोजन विधेयक–२०७६', 'भक्तपुर नगरपालिका विपद् व्यवस्थापन कोष परिचालन निर्देशिका–२०७६', 'भक्तपुर नगरपालिका खेलकुद प्रशिक्षक सम्बन्धी कार्यविधि–२०७६' र 'भक्तपुर नगरपालिकाको आर्थिक विधेयक– २०७६' पेश गर्नु भयो ।

९. सभामा सभा अध्यक्ष सुनिल प्रजापतिले भक्तपुर नगरपालिका विपद् व्यवस्थापन कोष परिचालन निर्देशिका–२०७६ माथि छलफलको लागि समय प्रदान गर्नु भएपछि सभासदहरु इन्द्रबहादुर प्याथ, राजेन्द्र माक, शिव बाला, सिद्धिराम अवाल र गोविन्द दुवालले भाग लिनु भई विभिन्न सुझाव र जिज्ञासा प्रस्तुत गर्नुभयो ।

१०. सभा अध्यक्षबाट समय प्राप्त गरी विधायन समितिका संयोजक हरिराम सुवालले सभासदहरुका सुझाव र जिज्ञासाहरुलाई प्रष्ट पार्नु भएपछि सभा अध्यक्षले सभासदहरुको सुझावप्रति ध्यानाकर्षण भएको जानकारी गराउँदै निर्देशिका पारित गर्न प्रस्ताव राख्नुभयो र सभाले 'भक्तपुर नगरपालिका विपद् व्यवस्थापन कोष परिचालन निर्देशिका – २०७६' सर्वसम्मतिले पारित गऱ्यो ।

११. सभामा सभा अध्यक्ष सुनिल प्रजापतिले भक्तपुर नगरपालिका खेलकुद प्रशिक्षक सम्बन्धी कार्यविधि–२०७६ माथि छलफलको लागि समय प्रदान गर्नु भएपछि सभासदहरु बलराम न्हिसुतु, राजेन्द्र माक, श्यामसुन्दर मातां, सिद्धिराम अवाल र गोविन्द दुवालले भाग लिनु भई विभिन्न सुझाव र जिज्ञासा प्रस्तुत गर्नु भयो ।

१२. सभा अध्यक्षबाट समय प्राप्त गरी युवा तथा खेलकुद समितिका संयोजक श्याम कृष्ण खत्रीले सभासदहरुका सुझाव र जिज्ञासाहरुलाई प्रष्ट पार्नु भएपछि सभा अध्यक्षले सभासदहरु को सुझावप्रति ध्यानाकर्षण भएको जानकारी गराउँदै कार्यविधि पारित गर्न प्रस्ताव राख्नु भयो र सभाले 'भक्तपुर नगरपालिका खेलकुद प्रशिक्षक सम्बनधी कार्यविधि – २०७६' सर्वसम्मतिले पारित गऱ्यो ।

१३. सभा अध्यक्ष सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाको आ.व. २०७६/०७७ को बजेटमाथि छलफलको लागि समय प्रदान गरेपछि सभासदहरु विश्वराज शिल्पकार, श्यामसुन्दर मातां, कृष्ण गोपाल

चौगुठी, राजेन्द्र माक, पूर्णगोपाल राजचल, गोविन्द दुवाल, हिरा ख्याजु, शिव बाला, इन्द्रबहादुर प्याथ र ज्ञान कुमार मगजुले छलफलमा भाग लिंदै विभिन्न सुझाव र जिज्ञासाहरु राख्नु भयो ।

१४. सभा अध्यक्ष सुनिल प्रजापतिले बजेटमाथिको छलफललाई अर्को बैठकमा निरन्तरता दिने जानकारी गराउंदै सभाको अर्को बैठक मिति २०७६ असार १५ गते, आइतबार, दिनको १:०० बजे बस्ने जानकारी गराउंदै आजको बैठक सम्पन्न भएको जानकारी गराउनु भयो ।

## २०७६ असार १५ गते, आइतबार

१५. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिबाट समय प्राप्त गरी विशेष समयमा सभासदहरु सूर्य प्रसाद श्रेष्ठ, श्याम सुन्दर मातां, राजकुमार शिल्पकार, राजेन्द्र माक, बलराम न्हिसुतु, गोविन्द दुवाल, हरिरत्न गोर्खाली, इन्द्रबहादुर प्याथ र विजय लक्ष्मी शाक्यले सभामा नगरपालिकाका विभिन्न विषयमा राय सुझाव र जिज्ञासाहरु राख्नु भयो ।

१६. सभा अध्यक्ष श्री सुनिल प्रजापतिबाट समय प्राप्त गरी विधायन समितिका संयोजक हरिराम सुवालले 'भक्तपुर नगरपालिका सवारी दर्ता तथा संचालन गर्न बनेको विधेयक-२०७६' सभामा पेश गर्नुभयो ।

१७. सभा अध्यक्ष सुनिल प्रजापतिबाट समय प्राप्त गरी शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका सदस्य रविन्द्र ज्याख्वले 'कला संस्कृति र सम्पदा संरक्षण एवं सम्वर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०७६' सभामा पेश गर्नुभयो ।

१८. सभा अध्यक्ष सुनिल प्रजापतिबाट समय प्राप्त गरी वातावरण तथा पर्यटन समितिका संयोजक रविन्द्र ज्याख्वले विशेष समयमा उठेका वातावरण, पर्यटन, शिक्षा, स्वास्थ्य र संस्कृतिको विषयमा, महिला, बालबालिका तथा समाज कल्याण समितिका संयोजक रोशन मैया सुवालले बालबालिका सम्बन्धी उठेका जिज्ञासाबारे, निर्माण समितिका संयोजक उकेश कवांले विकास निर्माणसम्बन्धी उठेका जिज्ञासाहरुबारे, कृषि समितिका संयोजक राजकृष्ण गोराले बगैंचा, नर्सरी र कृषि सम्बन्धी सभासदहरुको जिज्ञासाबारे र खानेपानी समितिका संयोजक महेन्द्र खायमलीले खानेपानी सम्बन्धी उठेका जिज्ञासाबारे सभामा प्रष्ट पार्नुभयो ।

१९. सभा अध्यक्ष सुनिल प्रजापतिले 'भक्तपुर नगरपालिका सवारी दर्ता तथा संचालन गर्न बनेको विधेयक-२०७६' माथि छलफलको लागि समय प्रदान गर्नु भएपछि सभासद राजेन्द्र माकले भाग लिनु भई विभिन्न सुझाव र जिज्ञासा प्रस्तुत गर्नुभयो ।

२०. सभा अध्यक्ष सुनिल प्रजापतिले सभासदको सुझावप्रति ध्यानाकर्षण भएको जानकारी गराउंदै निर्देशिका पारित गर्न सभामा प्रस्ताव राख्नुभयो र सभाले 'भक्तपुर नगरपालिका सवारी दर्ता तथा संचालन गर्न बनेको विधेयक-२०७६' सर्वसम्मतिले पारित गऱ्यो ।

२१. सभा अध्यक्ष सुनिल प्रजापतिले भक्तपुर नगरपालिका 'कला संस्कृति र सम्पदा संरक्षण एवं सम्वर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०७६' माथि छलफलको लागि समय प्रदान गरेपछि सभासदहरु रञ्जना त्वाती, ज्ञानकुमार मगजु, बलराम न्हिसुतु, श्याम सुन्दर मातां, सिद्धिराम अवाल र राजेन्द्र माकले छलफलमा भाग लिंदै विभिन्न सुझाव र जिज्ञासाहरु राख्नु भयो ।

२२. सभा अध्यक्ष सुनिल प्रजापतिबाट समय प्राप्त गरी शिक्षा,संस्कृति तथा स्वास्थ्य समितिका संयोजक रविन्द्र ज्याख्वले सभासदहरुका सुझाव र जिज्ञासाहरुलाई प्रष्ट पार्नु भएपछि सभा अध्यक्षले सभासदहरु को सुझावप्रति ध्यानाकर्षण भएको जानकारी गराउंदै विधेयक पारित गर्न सभामा प्रस्ताव राख्नुभयो र सभाले 'कला संस्कृति र सम्पदा संरक्षण एवं सम्वर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक - २०७६' सर्वसम्मतिले पारित गऱ्यो ।

२३. सभा अध्यक्ष सुनिल प्रजापतिले सभाको अर्को बैठक मिति २०७६ असार १६ गते, सोमबार,दिनको १:०० बजे बस्ने जानकारी गराउंदै आजको बैठक सम्पन्न भएको जानकारी गराउनु भयो ।

**२०७६ असार १६ गते, सोमबार**

२४. सभा अध्यक्षबाट समय प्राप्त गरी निर्माण समितिका संयोजक श्री उकेश कवांले निर्माण समितिको प्रतिवेदन, लेखा समितिका संयोजक हरि प्रसाद बासुकलाले लेखा समिति, आर्थिक समिति र सहकारी अनुगमन समितिको प्रंतिवेदन, कृषि समितिका सदस्य सुनिता अवालले कृषि समितिको प्रतिवेदन, विधायन समितिका संयोजक हरिराम सुवालले विधायन समिति र न्यायिक समितिको प्रतिवेदन, बजार अनुगमन समितिका संयोजक राजकृष्ण गोराले बजागर अनुगमन समिति र देको मिवा इतापाके जग्गा एकीकरण आयोजनाको प्रतिवेदन, महिला बालबालिका तथा समाज कल्याण समितिका संयोजक रोशन मैया सुवालले महिला, बालबालिका तथा समाज कल्याण समितिको प्रतिवेदन, युवा तथा खेलकुद समितिका अध्यक्ष श्यामकृष्ण खत्रीले युवा तथा खेलकुद समितिको प्रतिवेदन, शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिका सदस्य छोरी मैया सुजखु (प्रजापति) ले शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको प्रतिवेदन, खानेपानी समितिका संयोजक महेन्द्र खायमलीले खानेपानी समितिको प्रतिवेदन, अपांगता भएका व्यक्तिहरुको परिचय पत्र वितरण सम्बन्धी

अस्थायी समन्वय समितिका सदस्य रोशन मैया सुवालले अपांगता भएका व्यक्तिहरुको परिचयपत्र वितरण सम्बन्धी अस्थायी समन्वय समितिको प्रतिवेदन र वातावरण तथा

पर्यटन समितिका सदस्य सरिना द्योलाले वातावरण तथा पर्यटन समितिको प्रतिवेदन पेश गर्नुभयो ।

२५. सभा अध्यक्षले भ.न.पा.द्वारा संचालित कलेजहरु र  तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजनाको लेखा परीक्षण प्रतिवेदनको बेरुजु फछ्र्यौट प्रस्ताव सभामा राख्नुभयो र सभाले भक्तपुर नगरपालिकाद्वारा संचालित ख्वप मा.वि., ख्वप कलेज, शारदा क्याम्पस, शारदा क्याम्पस मा.वि. ख्वप बहुप्राविधिक अध्ययन संस्थान, ख्वप इन्जिनियरिङ्ग कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ्ग तथा तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजनाको लेखा परीक्षण प्रतिवेदनको बेरुजु फछ्र्यौटको प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

२६. सभामा अध्यक्षबाट समय प्राप्त गरी भक्तपुर नगरपालिकाको आर्थिक विधेयक २०७६ माथिको छलफलमा भाग लिनु हुंदै सभासदहरु सूर्यप्रसाद श्रेष्ठ, शिवप्रसाद बाला, सिद्धिराम अवाल, हिरा ख्याजु, तुल्सीलक्ष्मी दुमरु, सम्झना खाईतु, रञ्जना त्वाती, जितेन्द्र मुनंकर्मी र राजेन्द्र माकले विभिन्न सुझाव र जिज्ञासाहरु राख्नु भयो ।

२७. सभामा सभा अध्यक्षबाट समय प्राप्त गरी आर्थिक समितिका संयोजक हरिप्रसाद बासुकलाले सभासद् हरुबाट 'भक्तपुर नगरपालिकाको आर्थिक विधेयक–२०७६' माथि उठेका जिज्ञासा र प्रश्नहरुलाई प्रष्ट पार्नु भयो ।

२८. सभा अध्यक्षले नगर सभाको अर्को बैठक २०७६ असार १८ गते बुधबार, दिनको १:०० बजे बस्ने जानकारी गराउँदै बैठक सम्पन्न भएको जानकारी गराउनु भयो ।

## २०७६ असार १८ गते, बुधबार

१. सभा अध्यक्षबाट समय प्राप्त गरी भक्तपुर नगरपालिकाको आ.व. २०७६/०७७ को बजेटमाथिको छलफलमा भाग लिंदै सभासदहरु सूर्य प्रसाद श्रेष्ठ, पशुपति प्रजापति, हरिरत्न गोर्खाली, सिद्धिराम अवाल, बलराम न्हिसुतु, सम्झना खाइजु र शिवप्रसाद बालाले विभिन्न राय सुझाव र जिज्ञासाहरु राख्नु भयो ।

२. सभा अध्यक्षबाट समय प्राप्त गरी उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाको आ.व. २०७६/०७७ को बजेटमाथिको छलफलमा सभासदहरुले सभामा पेश गरेका राय, सुझाव र जिज्ञासाहरु लाई प्रष्ट पार्नु भयो ।

३. सभा अध्यक्षले 'भक्तपुर नगरपालिकाको आर्थिक विधेयक–२०७६', 'भक्तपुर नगरपालिकाको विनियोजन विधेयक–२०७६' र भक्तपुर नगरपालिकाको आ.व. २०७६/०७७ को वार्षिक बजेट पारित गर्न सभामा पेश गर्नुभयो र सभाले सर्वसम्मतिले पारित गरियो ।

४. सभा अध्यक्षबाट समय प्राप्त गरी निर्माण समितिका संयोजक एवं भ.न.पा. वडा नं. ७ का वडाअध्यक्ष उकेश कवांले निम्न विषयहरुमा प्रस्तावहरु पेश गर्नु भयो ।

१. निर्णय अनुमोदन बारे ।

२. सेवा करार बारे ।

३. कार्यपालिकालाई अधिकार दिने बारे ।

४. संगठन स्वरुप र दरबन्दी बारे ।

५. कर्मचारीहरुको वृत्तिविकास बारे ।

६. खर्च समर्थन बारे ।

७. प्रोद्भावी लेखा प्रणाली लागू गर्ने बारे ।

८. योजना जाँच पास तथा फरफाराक बारे ।

९. वार्षिक खरीद योजना बारे ।

१०. अन्तिम लेखा परीक्षण प्रतिवेदन बारे ।

११. पुरानो नगर क्षेत्रको परिभाषामा थप गर्ने बारे ।

१२. निर्माण सम्पन्न प्रमाण पत्र दस्तुरबारे ।

१३. कर्मचारीहरुको बारेमा ।

५. निर्माण समितिका संयोजक उकेश कवांले पेश गरेको निम्न प्रस्तावहरु सर्वसम्मतिले पारित गरियो :

१. आ.व. २०७५/०७६ श्रावण १ गतेदेखि २०७६ असार १६ गतेसम्मको नगर कार्यपालिकाको बैठक, विभिन्न समितिहरु, उपसमितिहरु, उपभोक्ता समितिहरुबाट भए गरेका सम्पूर्ण काम कार्वाही र निर्णयहरु अनुमोदन गरियो । साथै पूर्व स्वीकृत कर्मचारी प्रशासन सम्बन्धी विनियम–२०६५ लगायतका ऐन, विनियम, नियमावली, कार्यविधि, निर्देशिका आदिलाई आवश्यकता अनुसार संशोधन सहित निरन्तरता दिने प्रस्ताव पारित गरियो ।

२. यस न.पा.को प्राविधिक सल्लाहकार, कानूनी सल्लाहकार र अन्य आवश्यक सेवा र प्राविधिक सेवा, इन्जिनियरिङ्ग सेवा, पशु सेवा, कृषि सेवा, सहकारी सेवा, कार्यालय सहयोगी, माली, सवारी

**चालक, सरसफाई, नकर्मी, इलेक्ट्रिसियन, डकर्मी, सिकर्मी, पेन्टर आदि प्राविधिक पदहरु आवश्यकता अनुसार सेवा करारबाट लिने निर्णय गरियो ।**

३. **यस नगरपालिकाको नियमित नगर सभा बसेको समय बाहेकको समयमा नगर सभाबाट गर्ने काम कार्वाही गर्नको लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।**

४. **यस नगरपालिकाको साविक दरबन्दीलाई यथावत कायम गरी आवश्यकता अनुसार कार्यालय संचालन तथा सुदृढिकरण (O&M) गरी संगठन स्वरुप परिमार्जन र दरबन्दी मिलान गर्न भ.न.पा. कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।**

५. **यस नगरपालिकामा लामो समयसम्म कार्यरत कर्मचारीहरुलाई स्थायी, बढुवा, फाइल बढुवा, स्तर वृद्धि आदि वृति विकास सम्बन्धी कार्वाही अगाडि बढाउन भक्तपुर नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।**

६. **यस न.पा.को आर्थिक वर्ष २०७५।०७६ माघ १ गतेदेखि जेठ ३२ गतेसम्म भएका निम्नानुसारको रकमान्तरण अनुमोदन गर्ने निर्णय गरियो :**

**क. निर्माण समितिका निम्न रकमान्तरणहरु अनुमोदन गर्ने निर्णय गरियो :**

| क.स. | योजनाको नाम | वडा नं. | ल.ई. | बजेट व्यवस्था | नपुग बजेट | स्रोत | स्रोत बिनियोजित |
|---|---|---|---|---|---|---|---|
| १ | लैको चलाखु दाफा घर देखी नरसिंह द्योग ढुंगा छपाई | ५ | १,१७२,७८४।३८ | १,०००,०००।०० | | अरनिको | १०,०००,०००।०० |
| २ | ख्वालापाला चोक बाटो ढुंगा छपाई | ५ | ३५५,४३३।८३ | ३००,०००।०० | | अरनिको | १०,०००,०००।०० |
| ३ | दुगुमला जाने बाटो ढुंगा छपाई | ६ | १,४२०,३९१।५१ | १,०००,०००।०० | | अरनिको | १०,०००,०००।०० |
| ४ | हनुमानघाट पुलदेखी वासिकचा चोक सम्म फुटपाट निमार्ण कार्य | ७ | २,८३७,१५२।६७ | १५००,०००।०० | | अरनिको | १०,०००,०००।०० |
| ५ | मेत्वं उकालो बाटोमा इंटा छपाई | ८ | ६,४२,२७२।४४ | ५००,०००।०० | | अरनिको | १०,०००,०००।०० |
| ६ | जगाती थुसाचा बाटोमा ब्लक छाप्ने कार्य | ८ | १,८२५,६४८।९१ | ५००,०००।०० | | अरनिको | १०,०००,०००।० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | ० |
| ७ | पुरानो जगाती जाने बाटोमा ग्राभेलिङ्ग | ८ | १,२१४,५०५।५८ | १,०००,०००।०० | | पुरानो न.पा. | १०,०००,०००।०० |
| ८ | चोफल गणेश मन्दिर वरपरमा चोकहरूमा ईटा छपाई | ९ | १,१९६,८४८।३७ | १५००,०००।०० | | पुरानो न.पा. | १०,०००,०००।०० |
| ९ | दत्तात्रय स्कुलदेखी दक्षिणतर्फको गल्ल बाटोको लेभल मिलाई ईटा छपाई कार्य | ९ | २८४,८१३।४२ | ३,०००,०००।०० | | कम्पोष्ट प्लान | १०,०००,०००।०० |
| १० | जगातीदेखि आदर्शसम्म ढल राख्ने कार्य | ७ | १,७८२,८७६।९४ | ५००,०००।०० | | पुरानो न.पा. | १०,०००,०००।०० |
| ११ | उद्योग क्षेत्रमा रहेको नवदुर्गा पथमा पीच निर्माण कार्य | २ | ४,२२०,८६१।८० | ४,२००,०००।०० | | महेश्वरी खेल मैदान | १५,०००,०००।०० |
| १२ | लांचा फल्चादेखि चोखा गणेशसम्म बाटो पीच गर्ने कार्य | १० | ३,५८३,५६१।७७ | ३,५००,०००।०० | | कम्पोष्ट प्लान | १०,०००,०००।०० |
| १३ | सिर्जना नगर पेटी बनाउने कार्य | १ | २,७४८,८७१।७९ | १,५००,०००।०० | | तुमचो प्लानिङ्गमा पानी व्यवस्था | ९,०००,०००।०० |
| १ | भैरवनाथ आगछें पुन:निर्माण | ४ | ३,३७०,३९६।५० | ३,०००,०००।०० | | आदर निकेतन | ५,०००,०००।०० |
| १५ | हनुमान मन्दिर बाराहीदेखि घलाटे ढल निकास कार्य | ३ | २,८४२,२५९।८८ | २,५००,०००।०० | | तुमचो प्लानिङ्गमा पानी व्यवस्था | ९,०००,०००।०० |
| १६ | वन्ती पाटीसंगैको पर्खाल निर्माण | ६ | २,४४९,५७९।२७ | ५००,०००।०० | | तुमचो प्लानिङ्गमा पानी व्यवस्था | ९,०००,०००।०० |
| | **जम्मा** | | **३१,३०५,९८६।६२** | **२२,०००,०००।००** | | | |

ख. सार्वजनिक उपयोगिताको सेवा खर्च शीर्षकबाट रु.५,००,०००।- पानी तथा विजुली महसुल शीर्षकमा रकमान्तर गर्ने ।

ग. सार्वजनिक उपयोगिताको सेवा खर्च शीर्षकबाट रु.१०,००,०००।- गाडी मर्मत शीर्षकमा रकमान्तरण गर्ने ।

घ. विमा तथा नविकरण शीर्षकबाट रु.५,००,०००।- पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च शीर्षकमा रकमान्तरण गर्ने ।

ङ. भक्तपुर नगरपालिकाले नगरमा स्थायी बसोबास गर्ने विद्यार्थीहरुलाई उच्च शिक्षा हासिल गर्न सहयोग गरी दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले आ.व. २०७५/०७६ मा प्रदान गर्ने शैक्षिक ऋणका लागि शिक्षा संस्कृति तथा स्वास्थ्य समितिको रकम रु.१,५०,००,०००।- (अक्षरुपी रु. एक करोड पचासलाख) मात्र रकमान्तरण गर्ने ।

च. सशर्तको शिक्षा शीर्षकबाट सशर्तको आयुर्वेदिक शीर्षकमा रु.१०,००,०००।- (दश लाख) र पशु सेवा शीर्षकमा रु. ३,००,०००।- रकमान्तरण गर्ने ।

७. यस न.पा.मा आ.व. २०७६।०७७ देखि प्रोदभावी लेखा प्रणाली लागू गर्न आवश्यक व्यवस्थाका लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

८. यस नगरपालिकाको आ.व २०७६।७७ मा स्वीकृत तथा सम्पन्न विकास निर्माण र सम्पदासंग सम्बन्धित योजना आयोजनाहरुको जाँचपास तथा फरफारक गर्ने निर्णय गरियो ।

९. आ.व. २०७६/०७७ को लागि यस न.पा. लाई आवश्यक सरसामानको वार्षिक खरिद योजना सम्बन्धमा खरिद इकाई समितिबाट रु. २,५५,१८,९२२।- को वार्षिक खरिद योजना तयार भई स्वीकृतिको लागि जिन्सी उपशाखाबाट पेश भएको रु. २,५५,१८,९२२।- को वार्षिक खरिद योजना मिति २०७६।३।१० गतेको बोर्ड बैठकबाट स्वीकृत भएको निर्णय अनुमोदन गरियो ।

१०. यस न.पा.को आ.व २०७४।७५ को अन्तिम लेखा परीक्षण सम्पन्न गरी मिति २०७६।१।२० मा महालेखा परीक्षकको कार्यालयले पेश गरेको प्रतिवेदन उपर छलफल हुंदा उक्त लेखा परीक्षण प्रतिवेदनमा औंल्याएका बेरुजुहरु तथा सुझावहरुलाई कार्यान्वयन गर्न भ.न.पा.कार्यपालिका बैठकलाई निर्देशन दिने निर्णय गरियो ।

११. भक्तपुर नगरपालिका भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड सम्वन्धी विनियम २०६० को परिच्छेद ३.१.२ मा भएको पुरानो नगर क्षेत्रको परिभाषामा भक्तपुर वारुणयन्त्र कार्यालयको पूर्वदेखि भार्वाचो ढोकासम्म

जोड्ने वाटो खण्डको दक्षिण जोडिएको कित्ताहरु र वारुणयन्त्र कार्यालयवाट नेपाल दूर संचार कार्यालय, कुथुवही मिनिवस पार्क हुंदै तेपुचो गल्लीवाट दक्षिण गई भार्वाचो ढोका र सोदेखि पश्चिम हुंदै इनागाल गणेश मन्दिरसंगैको सत्तलसम्मको पुरानो वस्ती क्षेत्र सो विनियममा छुट हुन गएकोले सो क्षेत्रलाई पुरानो नगर क्षेत्रको परिभाषामा थप गर्ने भनी मिति २०७३।९।२८ गते बसेको भ.न.पा. बोर्ड बैठकबाट भएको निर्णय अनुमोदन गरियो ।

१२. भक्तपुर नगरपालिका भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड सम्वन्धी विनियम २०६० को परिच्छेद ९.४(९) मा नक्सा स्वीकृत भएको ४ वर्ष र ३५ दिनभित्र प्रक्रिया पुऱ्याएर निवेदन गरेको खण्डमा निर्माण सम्पन्न प्रमाणपत्र दिन सकिने व्यवस्थामा म्यादभित्र निर्माण सम्पन्न प्रमाण पत्र माग गरेको हकमा नक्सा पास दस्तुरको ५ प्रतिशत, म्याद नाघेको २ वर्षसम्ममा नक्सा पास दस्तुरको १० प्रतिशत र म्याद नाघेको २ वर्षपछि नक्सा पास दस्तुरको २५ प्रतिशत  शुल्क लिने भनी मिति २०७४।६।२४ गते भएको निर्णय अनुमोदन गरियो ।

१३. भक्तपुर नगरपालिकामा विगत लामो समयदेखि विभिन्न पदमा रही इमान्दारीपूर्वक नगरवासीहरुको सेवा गर्ने कर्मचारीहरुको कार्य मूल्यांकनको आधारमा प्रोत्साहन स्वरुप निश्चित रकम प्रदान गर ं तथा काम नगर्ने एवं जनताबाट गुनासो आएका कर्मचारीहरुको विषयमा छानविन गरी कार्वाहीको प्रक्रिया अघि बढाउन कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

६. सभा अध्यक्ष सुनिल प्रजापतिको आज्ञाले वातावरण तथा पर्यटन समितिका संयोजक एवं भ.न.पा. ९ नं. वडाका वडाअध्यक्ष रविन्द्र ज्याख्वले पांचौं नगरसभाको २०७६ असार ९ गतेदेखि २०७६ असार १८ गतेसम्म भएका सबै बैठकका संक्षिप्त विवरण सभामा पेश गर्नुभयो ।

७. सभा अध्यक्ष सुनिल प्रजापतिले पांचौं नगरसभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु हुने उद्घाटन समारोहका प्रमुख अतिथि नेमाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें, विशेष अतिथि माननीय प्रेम सुवाल, अतिथिहरु र सभामा सक्रिय एवं महत्वपूर्ण भूमिका खेल्नु हुने सबै सभासदहलाई धन्यवाद ज्ञापन गर्दै पांचौं नगर सभा सम्पन्न भएको जानकारी गराउनु भयो ।